केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७१/७२ मिति: २०७१/०९/२५

**“क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. *“बैंक वा वित्तीय संस्थाले ऋण नतिर्ने ऋणीलाई कर्जा सुचना केन्द्रको कालोसूचीमा समावेश गरेकोमा ऋणीले कर्जा भुक्तानी गरी कालोसूचीबाट हटाइसकेपछि विगतको कालोसूची सम्बन्धी अभिलेखमा नाम रहेकै कारणले नयाँ कर्जा प्रवाहमा बन्देज लगाउन पाईने छैन । कर्जा सुचना केन्द्रको कालोसूचीबाट हटिसकेको अवस्थामा कालोसूची सम्बन्धी अभिलेखमा नाम रहेकै कारण नयाँ कर्जा प्रवाहमा बन्देज लगाउने व्यवस्था बैंक वा वित्तीय संस्थाको कर्जा नीतिमा रहेको भए सो व्यवस्थालाई यसै बमोजिम हुने गरी संशोधन गर्नुपर्नेछ ।”*

२. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. १ को (ग) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छ :

*“तर, यसरी विशेष व्यवस्था अन्तर्गत स्थापना भएका वित्तीय संस्थाको कार्यक्षेत्र अन्तर्गतको गा.वि.स. वा नगरपालिकामा अन्य कुनै बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय नरहेको अवस्थामा यस बैंकको स्वीकृति लिई शाखा कार्यालय खोल्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।”*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।